COLORADO
Governor Jared Polis

Translation provided by Office of International and Immigrant Affairs

# डी २०२० ०१२ (D 2020 012)

## कार्यकारी आदेश (EXECUTIVE ORDER)

### कोभिड-१९ द्वारा प्रभावित कोलोराडोका बासिन्दालाई राहत प्रदान गर्न बेदखली, प्रतिबन्ध, र जनपयोगी सेवा-सुविधा विच्छेदहरू सीमित र ताकिता बेरोजगारी बीमा दाबी प्रक्रियासम्बन्धी आदेश (Order Limiting Evictions, Foreclosures, and Public Utility Disconnections and Expediting Unemployment Insurance Claim Processing to Provide Relief to Coloradans Affected by COVID-19)

कोलोराडोमा कोरोनाभाइरस रोग २०१९ (कोभिड-१९) देखिएकाले उत्पन्न वर्तमान आर्थिक अवस्थाको अवरोधका कारण हुने बेदखली, प्रतिबन्ध, र जनपयोगी सेवा-सुविधा विच्छेदहरू सीमित गर्न र ताकिता बेरोजगारी बीमा दाबी प्रक्रियालाई घटाउन, जवाफी काम गर्न, र सुधारतर्फ जान कोलोराडो राज्यका गभर्नरको कार्यालयमा निहित अधिकारको पालना र विशेष गरी कोलोराडो संविधानको धारा ५ को अनुच्छेद २ तथा कोलोराडो प्रकोप आपतकालीन ऐन, सी.आर.एस. § २४-३३.५-७०१, का अनुसार (ऐन), को उपयुक्त अंशहरूअनुसार म, कोलोराडो राज्यको गभर्नर, जेरड पलिस (Jared Polis) ले यसै बमोजिम कार्यकारी आदेश जारी गरेको छु ।

१. **पृष्ठभूमि तथा उद्देश्य**

मार्च ५, २०२० मा कोलोराडो जनस्वास्थ्य र वातावरण विभाग (CDPHE) को जनस्वास्थ्य प्रयोगशालाले कोलोराडोमा पहिलो अनुमान गरिएको कोभिड-१९ परीक्षणको परिणाम पोजेटिभ आएर रोगको पुष्टि गर्‍यो । त्यसबेलादेखि पुष्टि भएका रोगीहरूको संख्या बढ्दो छ र राज्यभर समुदायभर फैलिएको प्रमाण हामीसँग छ । मैले मौखिक रूपमा मार्च १०, २०२० मा प्रकोपका लागि आपतकालिन घोषणा गरें र मार्च ११, २०२० मा सम्बन्धित कार्यकारी आदेश डी २०२० ००३ जारी गरें ।

मेरो प्रशासनलगायत अन्य राज्य, स्थानीय र संघीय निकायहरूले महामारीको प्रभाव न्यूनीकरण गर्न, थप फैलिन नदिन र हाम्रो स्वास्थ्य-सेवाका श्रोतहरूलाई पर्ने भारबाट जोगाउन बृहत् तरिकाले कामहरू गरेका छन् ।

कोभिड-१९ को आर्थिक असर महत्त्वपूर्ण छ, र धेरै कोलोराडोका बासिन्दा तथा स्थानीय व्यवसायीको आर्थिक स्थिरता कमजोर पार्ने खतरा छ । कोभिड-१९ द्वारा उत्पन्न दूषणको जोखिमले कयौं व्यवसायहरू बन्द गर्न बाध्य गरेको छ । अर्थतन्त्रका लगभग सबै क्षेत्रहरूमा रोजगारदाता र कर्मचारीहरूमाथि कडा प्रहार भएको छ । हामीले आर्थिक सुरक्षा, रोजगारी, सामुदायिक एकता र समुदायको प्रत्युपलब्धिलाई पार लगाउने गरी काम-कार्वाही गर्नुपर्नेछ ।

यस कार्यकारी आदेशद्वारा, म अस्थायी रूपमा बेदखली, प्रतिबन्ध, र जनपयोगी सेवा-सुविधा विच्छेदहरू सीमित तथा कोभिड-१९ महामारी प्रभावित कोलोराडोका बासिन्दालाई सहयोग गर्दैछु । म कोभिड-१९ महामारीका कारण उत्पन्न वर्तमान आर्थिक अवरोध घटाउन, जवाफी काम गर्न, र मुक्त हुन राज्यका स्रोतहरूलाई परिचालन थप गर्दैछु । यो कार्यकारी आदेशले आउँदा हप्ता र महिनामा कोलोराडो समुदाय र व्यवसायको आर्थिक कल्याणको रक्षा गर्न सहयोग गर्नेछ ।

**२. प्रतिबन्ध तथा बेदखली आदेशहरू**

क. म स्थानीय मामिला विभाग (DOLA), श्रम तथा रोजगार विभाग (CDLE), र नियामक निकायहरूको विभाग (DORA) का कार्यकारी निर्देशकहरूलाई जेथाका मालिक र घरमालिकहरूसँग भाडामा बस्ने वा मोबाइल घरमालिकविरूद्ध प्रक्रियाहरू बिना कुनै ढिलाइ वा भाडा भुक्तानी नगर्दा भाडा उल्लंघनको परिणामका रूपमा अप्रिल ३०, २०२० सम्म उपभोगबाट बञ्चित हुन वा शर्त कार्यान्वयनबाट जोगिने कुनै कानुनी उपाय खोज्ने निर्देशन दिन्छु । कार्यकारी निर्देशकहरूले जेथाका मालिक र घरमालिकसँगै भाडावालाहरू र मोबाइल घर मालिकहरूलाई अप्रिल ३०, २०२० सम्म ढिलो भुक्तानी वा भाँडाको भुक्तान नगरेको शुल्क वा शुल्कहरू छुट दिने काम गर्नेछन् ।

ख. राज्य तथा स्थानीय निकायहरूको स्रोत संरक्षण गर्न र प्राथमिकता दिन एवम् कोभिड-१९ महामारीको जवाफका रूपमा महत्त्वपूर्ण कामहरू गर्न कानुन कार्यान्वयन अधिकारीहरूको उपलब्धताका लागि, म जनसुरक्षा विभाग (DPS) का कार्यकारी निर्देशकलाई सबै शान्ति सुरक्षा अधिकारीहरू, नगर-प्रमुखहरू, र अन्य स्थानीय नेताहरूसँग अप्रिल ३०, २०२० सम्म त्यस्तो कार्यहरू जनस्वास्थ्य र सुरक्षाका लागि आवश्यक नपर्ने अवस्थासम्म राज्यमा आवासीय बेदखल गतिविधि निलम्बन गर्न कानुन प्रवर्तन निकायहरूसँग यस्तै औपचारिक कार्यहरू गर्ने निर्देशन दिन्छु ।

ग. म प्रकोप आपतकालिन कोषबाट ३० लाख डलर ($ ३,०००,०००) निकालेर कोभिड-१९ सम्बन्धी आर्थिक अवरोधका कारण कम आर्थिक कठीनाई भोगिरहेका कम आम्दानी भएका परिवारहरूका लागि अल्पकालिन भाडा तथा घर-ऋणमा सहायता गर्न स्थानीय मामिला विभागलाई दिन आदेश दिन्छु, र यसअघि नियमित रूपमा काम गरेको विगत भएका र कोलोराडो जनस्वास्थ्य र वातावरण विभागको वर्तमान तथा भविष्यको कोभिड-१९ जनस्वास्थ्य आदेशअनुसार रोजगारी गुमाएका छन्, तिनलाई सहायताका लागि प्राथमिकता दिऔं । यो कोष उक्त कार्यकारी आदेश जारी भएको छ (६) महिनाका लागि उपलब्ध रहनेछ र कुनै खर्च नभएको रकम प्रकोप आपातकालीन कोषमा रहनेछ । संघीय सरकारद्वारा क्षतिपूर्तिबाट प्राप्त रकम प्रकोप आपातकालीन कोषमा फर्काइनेछ । म स्थानीय मामिला विभागलाई अस्थायी भाडा र घर-ऋण सहायता वितरण कार्यान्वयन गर्न गैर-नाफामुलक तथा स्थानीय सरकारका साझेदारहरूसँग काम गर्न पनि निर्देशन दिन्छु । यो निर्देशन कार्यान्वयनमा ल्याउँदा स्थानीय मामिला विभागले व्यक्तिलाई दिने सुविधा नदोहोरिएको पक्का गर्नेछ ।

घ. म स्थानीय मामिला विभागलाई बहु-परिवार बसोबास तथा मोबाइल घरको पार्कका मालिकसँग मिलेर काम गर्ने आदेश दिन्छु, जो कोभिड-१९ महामारीका कारण आर्थिक कठिनाइसँग संघर्ष गरिरहेका बासिन्दाका आवश्यकता मूल्याङ्कन गर्नका लागि भाडाको जेथा वा धेरै कम आम्दानी भएकालाई प्रदान गर्छन् । म स्थानीय मामिला विभागलाई संघीय, निजी, र परोपकारबाट प्राप्त धन स्रोतहरूमा मात्र सीमित नहुने गरी, कोलोराडोका बासिन्दालाई घर-आवास तथा आश्रयस्थलका आवश्यकता पूरा गरिरहन सहयोग उपलब्ध हुन सकोस् भनी भाडा नोक्सानमा क्षतिपूर्तिको संभावित तरिकाले मूल्याङ्कन गर्न निर्देशन दिन्छु । यो निर्देशन कार्यान्वयनमा ल्याउँदा स्थानीय मामिला विभागले व्यक्तिलाई दिने सुविधा नदोहोरिएको पक्का गर्नेछ ।

ङ. म स्थानीय मामिला विभाग र श्रम तथा रोजगार विभागलाई तथ्याङ्क तथा अस्थायी भाडा तथा ऋण सहायताको निर्देशिका एवम् प्रक्रिया निर्माण गर्न निर्देशन दिन्छु ।

च. म नियामक निकायहरूको विभागलाई बैंकिङ्ग तथा वित्तीय सेवा विभाग (Divisions of Banking and Financial Services) का माध्यमबाट व्यक्ति तथा साना व्यवसायका आवास तथा वाणिज्य प्रतिबन्ध र विस्थापनको खतराविरुद्ध काम गर्न पद्धति तथा नीतिहरू पहिल्याउन राज्य-विशेषाधिकार प्राप्त वित्तीय संस्थाहरूसँग काम गर्न निर्देशन दिन्छु । म नियामक निकायहरूको विभागलाई बैंक, क्रेडिट युनियन, र अन्य वित्तीय संस्थानहरूलाई प्रोत्साहित गर्ने कदम चाल्नका लागि निर्देशन दिन्छु, जसले कोभिड-१९ महामारीको असरबाट उत्पन्न घरायसी तथा व्यवसायी आम्दानीको कमीबाट प्रतिबन्ध तथा यससँग सम्बन्धित बेदखल हुने परिस्थिति आउँदा आवास तथा व्यावसायिक घर-ऋणको प्रतिबन्ध र सम्बन्धित बेदखललाई रोकिराखेका हुन्छन् । अझ, म नियामक निकायहरूको विभागलाई यी वित्तीय संस्थाहरूलाई कोभिड-१९ महामारीको असरबाट प्रभावित आवासीय र व्यावसायिक धितो, पुनर्वित्तहरू, गाडी ऋण, र विद्यार्थी ऋण, र ग्राहक र व्यवसायहरूका लागि साना व्यवसायका ऋणसहित सबै उपभोक्ता ऋणका लागि सहायतामा भुक्तान प्रदान गर्न प्रोत्साहित गर्न निर्देशन दिन्छु ।

छ. म वीत्तिय संस्थाहरूलाई वास्तविक जेथामा वास्तविक ब्याज सुरक्षित गर्ने आवासीय तथा व्यावसायिक पुनर्वित्तको प्रक्रिया समाप्तीको सुनिश्चितताका लागि लालपूर्जा तथा अरू सम्बन्धित कागजातहरूमा संभव भएसम्म राम्रो तरिकाले लगातार पहुँच प्रदान गर्न सबै काउन्टी क्लर्क र रेकर्डरहरूलाई आदेश दिन्छु ।

ज. म कोलोराडो राज्यका सार्वजनिक ट्रस्टी (Public Trustee) हरूलाई तीस (३०) दिनका लागि कोलोराडो संशोधित विधानको शिर्षक ३८ को अनुच्छेद ३८ को बेदखलसँग सम्बन्धित कार्यवाही निलम्बन गर्न स्वीकृत गर्छु: § ३८-३८-१०२ (बिक्रिका लागि छनौट तथा मागको सूचना रेकर्डको समयसीमाका विषयमा); § ३८-३८-१०३ (संयुक्त सूचना हुलाकबाट पठाउनका लागि अन्तिम म्यादबारे); § ३८-३८-१०४ (कुनै पक्षले समाधानका लागि आशयको सूचना पेश गर्ने अन्तिम म्याद र एक ट्रस्टीले टिपोट ग्रहणकर्ता वा यसको वकीललाई सूचना पठाउनुपर्नेछ, र निवारण कोषको समाधानका लागि समयसीमा); § ३८-३८-३०२ (ऋणमोचन कोषलाई टेन्डर गर्न अन्तिम म्यादको बारेमा); र § ३८-३८-५०१ (प्रमाणित कागजात कार्यान्वयन गर्न र रेकर्ड गर्न अन्तिम म्यादको बारेमा) । सार्वजनिक ट्रस्टीद्वारा गरिएका कुनै पनि कार्य ट्रस्टीको वेबसाइट, इलेक्ट्रोनिक मेल (यदि सम्भव भएमा) र स्वचालित सन्देशहरूमा उपलब्ध गराइनेछ ।

झ. म कोलोराडो राज्यका काउन्टी कोषाधिकारीलाई अयोग्य ब्याज निलम्बन वा मिनाहाको कार्वाही गर्न स्वीकृति दिन्छु, जुन कर दाखिलाको परिणामस्वरूप § ३९-१०-१०४.५ को प्रावधानअनुसार भएको हुनसक्छ । कोषाधिकारीद्वारा गरिएका कुनै पनि कार्यवाही कोषाधिकारीको वेबसाइट, इलेक्ट्रोनिक मेल (यदि सम्भव भएमा) र स्वचालित सन्देशहरूमा उपलब्ध गराइनेछ ।

ञ. यस कार्यकारी आदेशका उद्देश्यका लागि, "कम आय भएका परिवारहरू" भन्नाले औसत आयका क्षेत्रको ५०% भन्दा कम भएको घरपरिवार हो ।

ट. यस कार्यकारी आदेशमा कुनै पनि घरभाडा तिर्ने दायित्वबाट भाडावालालाई छुटकारा दिइएको छैन, र घरधनीलाई भाडा उठाउने क्षमतामा रोकटोक नै गरिएको छ, वा अन्यथा जनस्वास्थ्य वा सुरक्षा आवश्यकताहरू वा अरू कानुनी आवश्यकताहरू पालनाका लागि।

३. **जनपयोगी आदेशहरू**

क. म कोभिड-१९ को असरसँग सम्बन्धित आवासीय र साना व्यवसाय उपभोक्ताहरूबाट ढिलाइ भएको वा छुटेको भुक्तानीका लागि सेवा विच्छेद निलम्बन गर्न राज्यका सबै सार्वजनिक जनपयोगी श्रोतहरूसँग काम गर्न जनपयोगी श्रोत आयोग (PUC), नियामक निकायहरूको विभागभित्रै, लाई आदेश दिन्छु।

ख. म जनपयोगी श्रोत आयोगलाई सबै जनपयोगी श्रोत कोभिड-१९ को असरबाट निकै प्रभावित भइ काटिएको भए फेरि जडान गर्दा शुल्क नलिन र सबै आवासिय ग्राहक तथा साना व्यवसायी उपभोक्तालाई ढिलो भुक्तान गर्दा शुल्क मिनाका गर्नुका साथै कोभिड-१९ को असरका कारण भुक्तानी वा बक्यौताका निम्ति सेवा विच्छेद भएका ग्राहकहरूको सेवा फेरि जोड्न उचित प्रयास गर्न पनि आदेश
दिन्छु।

ग. म ग्राहकहरूको मद्दतका लागि सबै जनपयोगी श्रोतहरूमा काम गर्न जनपयोगी श्रोत आयोगलाई थप आदेश दिन्छु, खासगरी कोभिड-१९ को असरसँग सम्बन्धित ती ग्राहक जो कम आयका आधारमा ऊर्जा सहायता कार्यक्रमका लागि योग्य छन्, र जसको जनपयोगी श्रोतको भुक्तानी गर्नुपर्नेछ।

घ. म जनपयोगी श्रोत आयोगलाई भुक्तानी सहायतामा निर्देशन दिन जनपयोगी श्रोतहरूका साथ काम गर्न थप निर्देशन दिन्छु। यसबाहेक जनपयोगी श्रोत आयोगले यो कार्यकारी आदेशको प्रत्युत्तरमा राज्यव्यापी उपयोगिता कार्यान्वयनमाथि जनपयोगी श्रोतसम्बन्धी तथ्याङ्क संकलन गरेर साप्ताहिक रूपमा रिपोर्ट गभर्नरलाई बुझाउनेछ र त्यसलाई जनपयोगी श्रोत आयोगको वेबसाइटमा राख्नेछ।

ङ. म कोभिड-१९ सम्बन्धी असरको मूल्याङ्कन गर्न कोलोराडो ऊर्जा कार्यालय (Colorado Energy Office) प्रदायक, वाणिज्य संघ र राज्यभरका प्रोपेन हिटिङ्ग (propane heating) का उपभोक्तासँग मिलेर काम गर्न, र कोभिड-१९ बाट भएको असर घटाउन गभर्नरको कार्यालयलाई समयसापेक्ष सिफारिश पेश गर्न आदेश दिन्छु।

च. यो कार्यकारी आदेशको उद्देश्यका निम्ति "साना व्यवसायका ग्राहकहरू" भनेको जनपयोगी श्रोत उपभोक्ता हो, जो जनपयोगी श्रोत सेवालाई साना व्यवसायी उपभोक्ता वा जनपयोगी श्रोत आयोगद्वारा निर्धारित शुल्कका लागि साना वाणिज्य उपभोक्ताका रूपमा वर्गीकरण गरिएको हुन्छ वा जनपयोगी श्रोत उपभोक्ताका रूपमा हुन्छ, जो शुल्क स्थितिमा रहन चाहन्छ।

छ. यो कार्यकारी आदेशको उद्देश्यका निम्ति "जनपयोगी श्रोत" वा "जनपयोगी श्रोतहरू" भन्नाले लगानीकर्ताको स्वामित्वमा रहेको, नगरपालिकाको, वा कोलोराडो राज्यभित्र विद्युत, ग्यास वा जलसेवा उपलब्ध गराउने सहकारी संस्था बुझिन्छ ।

४. **बेरोजगार बिमा आदेशहरू**

क. म प्रकोप आपतकालिन कोषबाट १० लाख डलर ($ १,०००,०००) निकालेर कोलोराडो राज्यको आर्थिक स्थिरता वृद्धिका लागि बेरोजगार बिमा (UI) सुविधाका निम्ति निवेदन दिने मानिसलाई उपलब्ध सेवामा सुधार तथा गति प्रदान गर्न श्रम तथा रोजगार विभागमा उपलब्ध गराउने आदेश दिन्छु । यो कोष उक्त कार्यकारी आदेश जारी भएको छ (६) महिनाका लागि उपलब्ध रहनेछ र कुनै खर्च नभएको रकम प्रकोप आपातकालीन कोषमा रहनेछ । संघीय सरकारद्वारा क्षतिपूर्तिबाट प्राप्त रकम प्रकोप आपातकालीन कोषमा फर्काइनेछ ।

ख. श्रम तथा रोजगार विभागले बेरोजगार बिमा सुविधा दाबीको कार्वाही प्रक्रिया र कोभिड-१९ को असरबाट विस्थापित कामदारलाई भुक्तानी वितरणमा गति दिनेछ, जसबाट उनीहरूले त्यस्तो भुक्तानी भएसम्म बढीमा उनीहरूको पूरा निवेदन दर्ता गरेको दश (१०) दिनभित्र पाउन शुरू हुनेछ ।

ग. निर्देशनहरू पूरा गर्न ४.ए र ४.बी, म यसअन्तर्गतका अनिवार्यताहरू खारेज गर्छुः

अ. सि.आर.एस. § ८-७३-१०७(१)(डी) जसमा बेरोजगार बिमा सुविधा प्रापक सुविधा पाउनुअघि भुक्तान बिनाको एक हप्ता रहेको हुनुपर्छ, सि.आर.एस. § ८-७३-१०७(१)(जी)(आई) जसमा बेरोजगार बिमा सुविधा प्रापकले सक्रिय रूपमा काम खोज्नेछ ।


आ. सि.आर.एस. § ८-७३-१०८(इ) जसमा बेरोजगार बिमा सुविधा रोजगारदाताबाट कामको क्षतिपूर्ति खाताबाट लगाइन्छ, र म श्रम तथा रोजगार विभागलाई बेरोजगार बिमा विभागमार्फत रोजगारदाताको उक्त खाताको सट्टा कोभिड-१९ असरको परिणामको दाबीका रूपमा गर्न आदेश दिन्छु ।

इ. सि.आर.एस. § ८-७४-१०२(१) जसमा श्रम तथा रोजगार विभागका कर्मचारीले बेरोजगार बिमा सुविधाको दाबी पाएपछि अन्य इच्छुक पक्षहरूलाई सूचना दिन्छन् र त्यस्ता पक्षलाई पात्रोका बाह्र (१२) दिन उपलब्ध गराइनेछ, जसमा मानिसको के छ भने दाबी गर्नुभन्दा पहिले श्रम तथा रोजगार विभागले सुविधा दिन निर्णय जारी गर्छ, म श्रम तथा रोजगार विभागलाई कोभिड-१९ को असरबाट उत्पन्न भएकाले इच्छुक पक्षहरूको खबर पाउनुभन्दा अघि बेरोजगार बिमा सुविधा भुक्तानलाई प्राथमिकता दिन र सुविधा चाँडो भुक्तान गर्ने सुनिश्चितता गर्न आवश्यक थप तथ्य पत्तालगाउन आदेश दिन्छु ।

ई. सि.आर.एस. § ८-७४-१०२(१) द्वारा प्रदान गरिएको अधिकारअनुसार श्रम तथा रोजगार विभागका कार्यकारी निर्देशकले यो कार्यकारी आदेशको निर्देशन ४.ए-४.सी पूरा गर्न आवश्यकताअनुसार आपातकालीन नियम घोषणा तथा जारी गर्न सक्छन् ।

५. **समयावधि**

यो कार्यकारी आदेश माथि उल्लेखित उद्देश्यका लागि धारा २. सी र ४. ए मा व्याख्या गरेको कोष कार्यकारी आदेशको मितिले छ (६) महिना उपलब्ध रहनेबाहेक अर्को कार्यकारी आदेशबाट म्याद नथपेसम्म लागु भएको मिति मार्च २०, २०२० देखि तीस (३०) दिनमा समाप्त हुनेछ ।




तल मेरो हस्ताक्षर तथा कोलोराडो
राज्यको कार्यकारी निशाना छाप,
यो मार्चको बीसौं दिन, २०२०

जेरड पलिस (Jared Polis)
गभर्नर (Governor)